आज मिति २०७९ साल असोज ३० गते आइतबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को सातौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित** :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री जनार्दन प्रसाद मेहता - सूचना प्रविधि अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर (प्रशासन शाखा) -

**प्रस्तावहरु :**

१. कार्यपालिका बैठक निर्णय समिक्षा सम्बन्धमा ।

२. न्यायीक समितिले गरेको मिलापत्र वा निर्णय कार्यान्वयन सम्बन्धमा ।

३. औषधिको स्थानीय दररेट कायम सम्बन्धमा ।

४. देवानगञ्ज वन नर्सरी सम्बन्धमा ।

५. कृषि कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/०६/२८ गते बसेको आ.व. २०७९/०८० को छैटौं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५२ नं. बमोजिम कार्यपालिकाले न्यायीक समितिबाट भएको मिलापत्र वा निर्णयको तत्काल कार्यान्वयन गर्नु, गराउनु पर्ने छ भनी कानूनी व्यवस्था रहेको र हाल सम्म मिलापत्र वा निर्णय कार्यान्वयन सम्बन्धी स्थानीय कानून निर्माण भइनसकेको अवस्था विद्यमान रहेकोमा सो फैसला वा मिलापत्र कार्यान्वयनको लागि गाउँपालिकाको अध्यक्षको संयोजकत्व तथा कार्यकारी अधिकृत सदस्य सचिव रहने गरी तपसिल बमोजिमको पाँच सदस्यीय फैसला वा मिलापत्र कार्यान्वयन समिति गठन गर्ने तथा यस समितिले निर्णय वा मिलापत्र कार्यान्वयन गर्दा स्थानीय कानून निर्माण नहुन्जेल सम्मको लागि मुलुकी देवानी संहिता २०७४ वा प्रचलित कानून वा यस समितिले आवश्यक कार्यविधि वा प्रकृया निर्माण गरी सोको आधारमा फैसला कार्यान्वयन गर्ने समेत सर्वसम्बत निर्णय गरियो ।

**तपसिलः**

क) संयोजक - श्री बेचन प्रसाद मेहता

ख) सदस्य सचिव - श्री रामराज पौडेल

ग) सदस्य - श्री बलेन्द्र मेहता

घ) सदस्य - श्री जग नारायण मेहता

ङ) सदस्य - श्री सुर्य नारायण पाल

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाले खरिद गर्ने औषधिको दररेट जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले आ.व. २०७९/०८० को लागि स्वीकृत गरेको जिल्ला दररेटकै आधारमा गर्ने सर्वसम्बत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं.२ मा रहेको देवानगञ्ज वन नर्सरी डिभिजन वन कार्यालयबाट हाल सम्म संचालन भईरहेकोमा यहि २०७९/०६/३१ गतेबाट बन्द हुने भन्ने जानकारी पाईएकोले त्यसमा रहेका सम्पूर्ण विरुवा, सामग्रिहरु र कर्मचारी सहित सो नर्सरी यस गाउँपालिकालाई हस्तान्तरण गरिदिन डिभिजन वन कार्यालय, सुनसरीलाई पत्रचार गर्ने र सो नर्सरीमा कार्यरत कर्मचारीलाई कात्तिक महिना देखि गाउँपालिकाबाट जिल्ला वन कार्यालयले दिए बराबरको तलब भत्ता दिई निरन्तर काममा लगाउन सर्वसम्बत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सङ्घीय सरकारबाट सर्शत अनुदानको रुपमा हस्तानतरण भएको उल्लेखित कार्यक्रमहरु तपसिल बमोजिम बजेट विनियोजन गरि कार्यान्वयन गर्ने सर्वसम्बत निर्णय गरियो ।

क) खायन आलु उत्पादन कार्यक्रम - १५ लाख

- साना सिचाई (सिचाई मोटर खरिद ३ एच.पि.को) - १४ लाख
- तालिम तथा अन्य कार्यक्रम - १ लाख

ख) मकैवाली प्रवर्द्धन कार्यक्रम - २० लाख

- साना सिचाई (सिचाई मोटर खरिद ३ एच.पि.को) - १९ लाख
- तालिम तथा अन्य कार्यक्रम - १ लाख

सुनिता

समतीतीर